**संघीय संसद**

**प्रतिनिधि सभा**

**शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति**

**२०८१ चैत ५ गते मंगलबार**

**बैठक संख्याः १०८**

**छलफल तथा निर्णय**

विद्यालय शिक्षा विधेयक, २०८० का सम्बन्धमा दफावार छलफल गर्न समितिका माननीय सभापति अम्मर बहादुर थापाज्यूको सभापतित्वमा बसेको समितिको आजको बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री, समितिका माननीय सदस्यहरु, मन्त्रालयका सचिव, तथा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिको उपस्थिती रहेको थियो । विद्यालय शिक्षा विधेयकका सम्बन्धमा भएका विभिन्न अन्तर्क्रिया कार्यक्रम सम्बन्धी प्रतिवेदनहरु र समितिमा प्राप्त सुझावहरुको संगालो समिति सचिवालयबाट समिति समक्ष पेश भयो । साथै समितिको आजको बैठमा विधेयकको प्रस्तावनाका सम्बन्धमा छलफल भयो ।

**निर्णय**

- विद्यालय शिक्षा विधेयकका सम्बन्धमा समिति सचिवालयबाट समिति समक्ष पेश भएका विभिन्न ९ वटा प्रतिवेदनहरु तथा सुझावहरुको संगालो अध्ययन गरी समितिको आगामी बैठकमा हुने दफावार छलफलमा सहभागी हुने ।

- प्रस्तावनाका सम्बन्धमा विधेयक माथिको छलफलको अन्तमा पुनः प्रवेश गर्ने र आगामी बैठकमा दफा १ देखि दफावार छलफल गर्ने ।

- समितिका पदेन सदस्य माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई केही दिनदेखि अस्वस्थ रहनु भएकोले समिति निजको स्वास्थ्यमा शीघ्रातिशीघ्र लाभ होस् भनी कामना गर्दछ ।

- यस समितिका सदस्य सदस्य ज्ञानु वस्नेत सुवेदीका पिता तथा समिति सचिव श्री दशरथ धमलाको माइलो बुबा एवं ससुरा बुबाको निधनमा देहायको शोक प्रस्तावहरु पारित गर्यो:

    - "यस समितिमा माननीय सदस्य ज्ञानु वस्नेत सुवेदीका पिता डण्डविर वस्नेतको वि सं १९८९ मा जन्म भई वि सं २०८१ फागुन १८ गते ९२ वर्षको उमेरमा निधन भएकोमा यो समिति स्वर्गीय पिताप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै माननीय सदस्य ज्ञानु वस्नेत सुवेदी लगायत शोकसन्तप्त सम्पूर्ण परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछ।"

    - यस समितिका सचिव श्री दशरथ धमलाका माइलो बुबा घनश्याम धमलाको वि सं २००६ सालमा जन्म भई वि सं २०८१ माघ १५ गते निधन भएको तथा ससुरा बुबा चित्रप्रसाद सुवेदीको २००९ मा जन्म भई वि. स. २०८१ फागुन १४ गते निधन भएकोमा यो समिति स्वर्गीय पिताहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै सचिव दशरथ धमला लगायत शोकसन्तप्त सम्पूर्ण परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछ।"

- यही चैत ७ गतेदेखि शुरु हुन गइरहेको एसइइ परीक्षामा सामेल हुने देशभरका सम्पूर्ण विद्यार्थीहरुलाई उत्साहका साथ परीक्षामा सहभागी भई पूर्ण सफलता प्राप्तिको लागि समिति हार्दिक शुभकामना व्यक्त गर्दछ ।

- विद्यालय, क्याम्पस लगायतका शैक्षिक संस्थाहरुमा हुने हड्ताल, तालाबन्दी लगायतका क्रियाकलापबाट शैक्षिक गतिविधिमा हुने अवरोधजन्य कार्यहरुमा संलग्न नहुन सम्पूर्ण विद्यार्थी, शिक्षक लगायत कर्मचारीहरुलाई समिति आग्रह गर्दै शैक्षिक गतिविधिहरुलाई निर्वाध रुपमा संचालन गर्ने वातावरण सिर्जना गर्न शिक्षा मन्त्रालय लगायत सम्बन्धित सम्पूर्ण निकायहरुलाई यो समिति निर्देशन गर्छ साथै हड्ताल, तालबन्दी लगायतका क्रियाकलापबाट शैक्षिक गतिविधिमा अवरोध सिर्जना गर्ने जोसुकैलाई कानूनी दायरामा ल्याई कडा कारवाही गर्न समेत समिति नेपाल सरकारलाई निर्देशन गर्दछ ।

| | |
|---|---|
| ............................ | ............................ |
| दशरथ धमला | अम्मर बहादुर थापा |
| समिति सचिव | सभापति |